म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ११३ सोमबार १९ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 5 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान**

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं ।

*२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं !*


नेपाल सरकार
**विज्ञापन बोर्ड**

# एमाले, कांग्रेस र माओवादीले कसरी गुमाए १६ लाख बढी मत

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/यस पटकको निर्वाचनमा नेपालका तीनवटै ठूला दल नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) ले समानुपातिकतर्फ अघिल्लोपटकको तुलनामा साढे १६ लाखभन्दा बढी मत गुमाएका छन् ।

ठूला दलहरूले प्राय: निर्वाचनमा एक-अर्काको मत तान्ने गर्छन् । यसरी मुख्य प्रतिस्पर्धीको मत तानेर आफू ठूलो हुन्छन् । तर, यसपालिको चुनावमा यी तीनै दलको मत नयाँ दलले लगेका छन् । परिणामस्वरूप यी तीनै वटा दल दुब्लाएका छन् ।



अहिलेसम्म समानुपातिक तर्फ १ करोड ४ लाख २० हजार मत सदर भएको छ । यो मत पाँच वर्षअघिभन्दा धेरै हो । त्यो बेला ९५ लाख ४४ हजार ७ सय ७९ मत मात्र सदर भएको थियो । समानुपातिकको थोरै मतगणना अझै बाँकी भएकाले दलहरूको मत केही थपिनेछ । तर, अहिले दलहरूले पाएको प्रतिशतमा खासै धेरै परिवर्तन आउने छैन । यसपालि मतदाता संख्या नै बढेकाले जम्मा सदर मत पनि धेरै भएको हो । नत्र यसपालि पाँच वर्ष अघिको तुलनामा खसेको मत प्रतिशत भने कम छ ।

यसपालि समानुपातिक तर्फ सबैभन्दा धेरै मत नेपाली कांग्रेसले गुमाएको छ । पाँच वर्षअघि २०७४ मा कांग्रेसले जम्मा सदर मतको ३२.७७ प्रतिशत पाएको थियो । यसपालि पनि कांग्रेसले कम्तिमा यो प्रतिशत कायम राख्न सकेको भए ३४ लाख १४ हजार मत ल्याउँथ्यो । तर, उसले २६ लाख ६० हजार मतमात्र ल्याएको छ । अर्थात् उसले ७ लाख ५४ हजार मत गुमाएको छ ।

एमालेले पाँच वर्ष अघिको चुनावमा सदर मतको ३३ प्रतिशत ल्याएको थियो । यसपालि पनि त्यति नै प्रतिशत कायम गरेको भए एमालेले ३४ लाख ३८ हजार मत ल्याउँथ्यो । उसले यसपालि २७ लाख ८८ हजार मतमात्र पाएको छ । अर्थात् पाँच वर्ष अघिको तुलनामा यसपालि ६ लाख ४४ हजार मत गुमाएको छ ।

संसद्को तेस्रो ठूलो दल माओवादी केन्द्रले पनि यसपालि उल्लेख्य मात्रामा मत गुमाएको छ । पाँच वर्षअघि माओवादी केन्द्रले सदर मतको १३.६५ प्रतिशत पाएको थियो । यसपालि पनि त्यति प्रतिशत कायम राखेको भए १४ लाख २२ हजार मत पाउने थियो । तर, सो दलले ११ लाख ६२ हजारमात्र पाएको छ । यसरी माओवादी केन्द्रले पनि २ लाख ६० हजार मत गुमाएको छ ।

२०७४ सालमा मधेसका दुई ठूला दल अहिलेका जसपा र लोसपाले जम्मा सदर मतको ९.८६ प्रतिशत मत ल्याएका थिए । यसपालि मधेसमा जनमत पार्टीका रूपमा सिके राउत नेतृत्वको नयाँ दल जन्मिएको छ । यो दलको उदयले खासगरी लोसपाको मत घटाएको छ । तर, पनि यी ३ मधेसी दलको मत प्रतिशत जोड्दा यसपालि पनि १० प्रतिशत भन्दा कम नै छ । पाँच वर्षअघि दुई मधेसी दलले जम्मा ९ लाख ८२ हजार मत ल्याएका थिए भने यसपालि ९ लाख ८० हजार जति छ ।

त्यसैले ठूला तीन दलको मत मधेसी पार्टीले खोसेको देखिन्नँ । बरू यसपालि मतदाता बढेकाले मधेसको पनि जनमत पार्टी बाहेकको अरू मत नयाँ दलतिर गएको देखिन्छ । तीन दलले गुमाएको साढे १६ लाख बढी मत यसपालि मुख्यगरी चार वटा नयाँ दलले लगेको देखिन्छ ।

यसको सबैभन्दा ठूलो हिस्सा यसपालि उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले लगेको देखिन्छ । यो दलले यसपालि ११ लाख २४ हजार मत ल्याएको छ । तीन दलका मतको दोस्रो ठूलो हिस्सा राप्रपाले लगेको देखिन्छ । पाँच वर्षअघि राप्रपाका दुई घटकले जम्मा २ लाख ८४ हजार जति मत पाएका थिए । यसपालि राप्रपाले ५ लाख ८६ हजार मत पाएको छ । अर्थात् ३ लाख मत बढाएको छ ।

त्यसैगरी नेकपा (एकीकृत समाजवादी) र पश्चिम तराईमा उदाएको नागरिक उन्मुक्ति पार्टीले पनि २ लाख ९४ हजार र २ लाख ७२ हजार मत ल्याएका छन् । यी दुबै नयाँ दल हुन् । यसरी रास्वपा, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टीले पाएको मत र यसपालि राप्रपाले थपेको मत जोड्दा झन्डै २० लाख पुग्छ । यी दलले मुख्य तीन दलको भागबाट साढे १६ लाख मत र अरू छरिएको साढे तीन लाख मत लगेको देखिन्छ ।

नयाँ दलप्रति जनताको रूझान र समानुपातिक सूचीमा समावेश भएका कांग्रेसका नेताका कारण आफ्नो दलको मत यसपालि घटेको कांग्रेस नेताहरूको बुझाइ छ । 'हाम्रा मतदाता यसपटक कांग्रेसको समानुपातिक सूची हेरेर हामीसँग रिसाए । त्यसैले हाम्रो लोकप्रिय मत गुम्यो', काँग्रेस महामन्त्री गगन थापाले भनेका छन् ।

एमालेका निर्वाचन विभाग प्रमुख विष्णु रिमाल एमालेको ग्रामीण क्षेत्रको मत राप्रपामा गएको र सहरी क्षेत्रको मत राष्ट्रिय स्वतन्त्र पार्टीमा जाँदा यसपटक मत घटेको बताउँछन् । 'ग्रामीण क्षेत्रमा एमालेको मत राप्रपाले लगेको छ भने सहरी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई गएको छ । यही कारण हामीले समानुपातिकमा भोट गुमायौं', रिमालले भने ।

माओवादी केन्द्रको शनिबार बसेको पदाधिकारी बैठकमा यसबारे छलफलसमेत भएको थियो । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेशको परिणामलाई सन्तोषजनक भनेका थिए भने प्रतिनिधि सभामाको समग्र परिणामप्रति असन्तुष्टि जनाएका थिए ।

'प्रतिनिधिसभामा हामी नराम्ररी खुम्चियौं । यसबारे निर्मम समीक्षा गर्दै सच्चिन जरूरी छ', उनको भनाइ थियो । उपमहासचिव मातृका यादवले निरन्तर सत्तामा रहेर पनि जनताका अपेक्षा पूरा गर्न नसक्दा माओवादी खुम्चिएको बताएका छन् । 'हामी निरन्तरमा सत्तामा बस्यौं तर, जनताले अपेक्षा गरेका काम पूरा गर्नेतर्फ ध्यान दिएनौं । हामीसँग जनता रिसाउनु स्वाभाविक नै हो । पार्टीका लागि यो परिणाम अनपेक्षित हो तर, जनताको सन्देश बुझेर सच्चिनुपर्छ', उनले भनेका छन् ।

# आँखाको नि:शुल्क परीक्षणसहित मोतियाविन्दु अप्रेशन शिविर हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ रोटरी क्लब अफ हेटौंडाले हरेक वर्ष गर्दै आएको नि:शुल्क आँखा परीक्षण शिविर तथा मोतियाविन्दुको अप्रेशन यहि मंसिर २० गतेदेखि २४ गतेसम्म सञ्चालन गर्ने भएको छ ।

मकवानपुर जिल्लाको ३ स्थान, रौतहट जिल्लाको १ स्थान र बारा जिल्लाको १ स्थान गरी तीन जिल्लामा सञ्चालन गरिने भएकोछ । डेभिट आस्ले, तासमनिया, अस्ट्रेलिया सहयोगीदाता रहेको नि:शुल्क आँखा परीक्षण शिविर तथा मोतियाविन्दु अप्रेशन कार्यक्रम रोटरी क्लब अफ हेटौंडा, रोट्र्याक्ट क्लब अफ हेटौंडा र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा हुने शिविर संयोजक प्रमेश प्रधानले जानकारी दिए ।

कूल दुई हजार पाँचसय जनाको नि:शुल्क आँखा परीक्षण गरी एकसय ५० जना मोतियाबिन्दु बिरामीको अपरेशन गर्ने लक्ष्य रहेको उनले बताए । उनका अनुसार बिरामीहरुको लागि आउने, जाने, खाने, बस्ने र मोतियाबिन्दुको अपरेशन एवम् औषधी सम्पूर्ण नि:शुल्क हुनेछ ।

शिविरमा छनौट गरिएका बिरामीहरुलाई मोतियाबिन्दुको अपरेशनको लागि सोही दिन हेटौंडा सामुदायिक आँखा अस्पतालमा ल्याइने, बिरामीहरुको अन्तिम परीक्षण हेटौंडा सामुदायिक आँखा अस्पतालमा भएपछिमात्र अप्रेशन गरिने, शिविरमा सामान्य बिरामीहरुलाई आवश्यकता अनुसार उचित परामर्श, उपचार र औषधि वितरण गरिने उनले जनकारी दिए ।

उनका अनुसार मंसिर २० गते मंगलबार मकवानपुरको बागमती-९ बेतिनी हेल्थपोष्ट र रौतहट जिल्लाको पहोरा-८ नरकटियास्थित श्री ओम सेकेण्डरी स्कुल, २१ गते बुधबार मकवानपुर मनहरी-२ भुन्द्रुङस्थित श्री सीता मावि र बारा जिल्लाको जीतपुर-सिमरा वडा नं. ८ स्थित लोसन्दा हेल्थपोष्ट र २२ गते विहीबार मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिका वडा नं. ३ कार्यालय पलाँसेमा शिविर आयोजना हुनेछ ।

# निर्वाचनमा अन्तर्घातको आरोप भ्रम मात्रै: कांग्रेस मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ ४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पार्टीका जिम्मेवार पदाधिकारीबाट अन्तर्घात भएको भन्दै प्रकाशित समाचारमा सत्यता नरहेको कांग्रेस मकवानपुरले जनाएको छ ।

निर्वाचनमा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवारमाथि अन्तर्घात गरेको भनेर भ्रम फैलाइएको भन्दै आइतबार कांग्रेस मकवानपुरले ध्यानाकर्षण भएको जनाएको छ । अन्तर्घात भएको भेटिएमा कारबाही गर्ने भन्दै पार्टीका नेतामाथि लगाइएको आरोप निराधार रहेको कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाईले बताएका छन् । गठबन्धनका उम्मेदवारलाई अन्तर्घात भएको भन्दै सामाजिक सञ्जाल र केही सञ्चार माध्यमबाट अपुष्ट प्रचार भएको भन्दै आधारहीन कुरामा विश्वास नगर्न पार्टी र गठबन्धका नेता कार्यकर्तामा आग्रह गरेको हो ।

विशेष गरी प्रतिनिधि सभा क्षेत्र नम्बर १ की उम्मेदवार महालक्ष्मी उपाध्याय डीना र १ (ख) का उम्मेदवार आनन्दराम पराजुली माथि गठबन्धन दल र पार्टीबाटै अन्तरघात भएको भनी आधारहीन प्रचार गरिएको पार्टीले जनाएको छ । 'हामी सबै पार्टी र गठबन्धनका उम्मेदवार जिताउन प्रतिवद्ध भएर लागेका थियौं । सबैको प्रयास हुँदाहुँदै पनि उहाँहरुको पराजय भयो, हामी दुखित छौं ।' पार्टी जिल्ला सभापति बुद्ध लामाले भनेका छन् । 'तर, केही माध्यमहरुमा पार्टीका जिम्मेवार व्यक्तिहरुकै नाम लिएर अन्तरघात गरियो भनेर कुप्रचार गरियो । पार्टी र गठबन्धनभित्र निर्वाचनको समीक्षा हुनै बाँकी छ, यदि कतै कसैले कमजोरी गरेको रहेछ भने हामी त्यसपछि के गर्नुपर्छ हामी गर्छौं ।,' उनले भने ।

पार्टीका उम्मेद्वारहरुको पराजयका सम्बन्धमा भएको प्रचार प्रसारप्रति ध्यानाकर्षण भएको भन्दै नेपाली कांग्रेस जिल्ला कार्यसमिति मकवानपुर एवम् नेपाली कांग्रेस मकवानपुरका जिल्ला सभापति, बागमती प्रदेश सभापति लगायत जिल्ला तहका नेताहरु गठबन्धनको मर्म/भावना अनुसारका क्रियाकलापहरुमा संलग्न भएको पार्टी जिल्ला प्रवक्ता अर्जुन चौलागाईले प्रष्ट पारे । चौलागाईले भ्रामक प्रचारको पछाडि नलाग्न सबैमा आग्रहसमेत गरेका छन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

*यही २०७९ पौष १ देखि*

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**TEACHERS WANTED**

**Zenith International Secondary School** an associateschool of **Hetauda City College** located at Piple, Hetauda-5,is looking for young, dedicated, innovative, passionate andmotivated individuals who believe in learningand growth in anexperiential/progressive teaching-learning platform.

| S.No. | Level | Subject/Traits |
|---|---|---|
| 1. | Pre –Primary | Female Montessori trained and skilled teacher with pleasant personality. |
| 2. | Primary | English, Mathematics and Scienc |
| 3. | Basic | English, Nepali, Mathematics and Computer Science |
| 4. | Secondary | English, Nepali, Computer Science and Mathematics, |
| 5. | Boys Hostel Warden | Can guide &take care of the students upto class X |

Interested candidates should mail their Bio-data at *zenithcollege.official@gmail.com* with two references along with self handwritten covering letter by 18th Mangshir 2079, Monday. Preference will be given to the qualified, experienced and licence holder candidates.

***Contact us @***

**Zenith International Secondary School**
Piple , Hetauda – 05, Makwanpur,
Bagmati Province
057-520750 / 526660
9841271001, 9855077417, 9855071876

साझाकुरा

## हाम्रो कुरा

# स्वयम्सेवी बन्न सिकौं

हरेक वर्ष डिसेम्बर ५ तारिखका दिन स्वयम्सेवक दिवस मनाउने गरिन्छ । भविष्यका लागि समावेशीकरण भन्ने नाराका साथ यो दिवस मनाउने गरिन्छ । सामूहिक हितका लागि गरिने सबै काम समाजसेवा हो । औपचारिक रुपमा नेपालमा पनि १९२७ देखि विभिन्न सामूहिक हितका कार्यक्रमहरु हुँदै आएका छन् । त्योभन्दा पहिला विभिन्न गुठीहरुबाट सामूहिक कार्यहरु हुँदै आएका थिए । स्वयम्सेवकहरुले विशेष गरेर भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकुतिक प्रकोपमा परेका मानिसहरुलाई नि:स्वार्थपूर्वक सेवा दिनु नै स्वयम् सेवक हुन् । कुनै पनि स्वार्थ विपरित सामाजिक कार्य गर्नु नै समाज सेवा हो । समाज सेवा र स्वयम्सेवा पर्यायवाची शब्दजस्तै लाग्छ । तर, यी फरक हुन् । समाजसेवासँग राजनीति र आर्थिक पक्ष पनि जोडिएको हुनसक्छ, अर्थात् समाजसेवा बढीजसो प्रायोजित हुन्छ । संसारमा बिरलैमात्र नि:स्वार्थ ढंगले समाजसेवामा लागेका मानिस हुन्छन् । प्रायजसो समाजसेवालाई हतियार बनाएर गैरसरकारी संस्था चलाउने, दातृसंस्थाबाट डलर भित्र्याउने, समाजसेवाकै नाममा राजनीतिक अभीष्ट पूरा गर्ने र कमाउने धन्दाकै लागि समाजसेवा गर्नेहरुको जमात बढी देख्न पाइन्छ । तर, स्वयम्सेवा मनदेखि स्वत:स्फूर्तरुपमा गरिन्छ । जुन सेवाले एउटा राम्रो अभियानको सुरुवात हुनसक्छ । त्यो देशका लागिमात्रै नभएर विश्वकै लागि पनि उदाहरणीय बन्न सक्छ ।

भूकम्प गएयता नेपालमा यस दिवसको महत्व झनै बढेर गएको छ । नेपालमा सरकार तथा रेडक्रस, स्काउटलगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थाहरु स्वयम्सेवामार्फत् सामाजिक गतिविधिमा संलग्न हुने गरेका छन् । पछिल्लो समय हरेक वडाहरुमा महिला स्वयम्सेविकाहरुले सेवा दिइरहेका छन् । सरकारले जनस्वास्थ्य कार्यक्रम प्रबर्द्धन, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चारसम्बन्धी सन्देश वडाबासीलाई पुऱ्याउन र सरकारी स्वास्थ्य संस्थालाई सघाउन स्वयम्सेविका परिचालन गरेको हो । जसको फलस्वरुप मातृशिशु स्वास्थ्य, शिशु तथा बालबालिका स्वास्थ्य आदिमा उपलब्धि हासिल हुन सघाउ पुगेको छ । पछिल्लो समय कयौं विपन्न परिवारले छाना र नाना पाएका छन् । कयौ विद्यालयहरुमा गरिब तथा विपन्न विद्यार्थीले पढ्न पाएका छन् ।

कति अस्पतालमा स्वयम्सेवी रक्तदाताले रक्तदान गरेर बिरामीको जीवन बचाएका छन् । कति डाक्टरहरुले स्वयम्सेवाकै कारण भगवान्को उपाधि पाएका छन् । विभिन्न सामाजिक क्षेत्रमा योगदान गरेर ज्ञातअज्ञात मानवताका पूजारीहरुले मानवसेवा गरिरहेका छन् । भोका, नाङ्गा, अपाङ्गता, असहाय, अभाव र अन्यायमा परेका मानिसहरुको हितमा सक्रिय रहने सबैसबै स्वयम्सेवकहरु यस दिवसमा स्मरणीय र सम्मान गर्न लायक छन् । स्वयम्सेवाको माध्यमबाट पवित्र उद्देश्यले सामाजिक र मानवीय सेवामा सहयोग गर्ने रेडक्रस, स्काउट, लायन्स क्लब, एम्नेस्टी इन्टरनेसनल, रोटरी इन्टरनेसनल, नेत्रज्योति संघजस्ता संस्थाहरुमार्फत् स्वयम्सेवीहरुले काम गर्दै आएका छन् । यस्ता संस्थाका संस्थापकहरु कमैमात्र जीवित होलान्, तर, अनन्तकालसम्म उनीहरु बाँचिरहने छन् र धेरैभन्दा धेरैलाई बचाइरहने छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर २० गते मंगलबार ६ डिसेम्बर २०२२ । मंसिर त्रयोदशी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:७ । स्वयंसेवक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आम्दानी बढ्नेछ | **तुला** | : श्रम खेर जानेछ |
| **वृष** | : पितृधन लाभ हुनेछ | **वृश्चिक** | : पढाइमा प्रगति हुनेछ |
| **मिथुन** | : नयाँ ज्ञान प्राप्त हुनेछ | **धनु** | : उत्साहमा कमी आउनेछ |
| **कर्कट** | : कृषिमा हानि हुनेछ | **मकर** | : आफन्तबाट धोका हुनेछ |
| **सिंह** | : व्यापारमा फाइदा मिल्नेछ | **कुम्भ** | : प्रतिष्ठित काम पाइनेछ |
| **कन्या** | : इनाम हात पर्नेछ | **मीन** | : सामाजिक दायित्व बढ्नेछ |

# परिपत्रले रोकेको न्यायिक सिद्धान्त



पेशलकुमार न्यौपाने





हामी कानुनका अक्षरसँग खेलेर र माउने, कानुनलाई प्राणवायु मान्नेहरूको लागि बाटो डोऱ्याउने हाम्रो विद्या भनेको सर्वोच्च अदालतबाट निसृत भएका निर्णय हुन् । यो विद्या विश्वको कानुनी तराजुमा अटाउने पनि हुनुपऱ्यो । यो भावी पुस्ताले अनुकरण गर्न योग्य पनि हुनुपऱ्यो ।

सर्वोच्च अदालतबाट निसृत हुने ज्ञानसागर विषाक्त र ग्रहण गर्न अयोग्य छ/छैन भनेर परीक्षण गर्ने दायित्व पनि स्वयं सर्वोच्च अदालतकै हो । हाम्रो न्यायको सर्वश्रेष्ठ मन्दिर रहेको उक्त अदालतबाट सर्वोच्च अदालत नियमावली २०७४ को नियम ११३ को आधार शिला राखेर १६ असोज २०७९ को पूर्ण बैठकबाट एउटा निर्णय भएछ । यो कुरा प्रवक्ताले २२ असोज २०७९ को विज्ञप्ति प्रकाशित गरी सार्वजनिक गरिएको सूचना पढेर थाहा पाइयो ।

उक्त विज्ञप्तिको बुँदा नं. (क) र (ख) मा भनिएको छ, 'विपक्षी झिकाउने (झ.झि.) को आदेश गर्दा अन्तरिम आदेश जारी गर्दा स्पष्ट कारण नखोलेको भए त्यस मुद्दामा पूर्व आदेश गर्ने न्यायाधीशले मुद्दाको सुनुवाइ गर्ने ।'

साथै विज्ञप्तिमा आधार र कारण खुलाएर प्रत्यर्थी झिकाउने वा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भनी आदेश गर्ने न्यायाधीश बाहेक न्यायाधीश नपुग्ने भए सो पनि गर्न नपर्ने, अघि कारणसहित सुरुको फैसला मातहतको फैसलामा फरक राय व्यक्त गर्ने न्यायाधीशले पनि अब फैसला गर्न हुने, गर्न पाइने, गर्नुपर्ने भएछ । सर्वोच्च अदालतको, त्यो पनि फुलकोर्टको निर्देशन मातहतका अदालत न्यायाधीश, अड्डा हाकिमले नाईं नभनी मान्नुपर्ने बाध्यता छँदैछ । यो सन्दर्भमा हाम्रो न्याय प्रणालीको अबको बाटो के हो ? हाम्रो यो निर्देशन भोलिको न्यायिक इतिहास र भावी पुस्ताले कसरी मूल्यांकन गर्ला ? विश्व न्यायिक मञ्चको तराजुमा हाम्रो न्याय प्रणाली अटाउँछ कि अटाउँदैन ? मनन गर्नुपर्छ ।

**न्याय पारदर्शी हुनुपर्ने कि अपारदर्शी ?**

न्यायालयको अहिलेको मुख्य समस्याको जड भनेकै अपारदर्शी काम व्यवहार आदेश फैसला हुने र यसैबाट न्यायपालिकामा विकृति, विसंगति भित्रिएको कुरामा नेपाल बार र सर्वोच्च अदालतका बीचमा सहमति भएको होइन ? न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित छानबिन समितिले पेश गरेको प्रतिवेदनको पाना २३२ मा अव्यावहारिक एवम् अस्पष्ट कानुनी व्यवस्थामा सुधार विषयमा सुझाव दिएको छ ।

जसमा भनिएको छ- 'अस्पष्ट र अव्यावहारिक कानुनका आधारमा न्याय सम्पादन गर्दा न्यायालयप्रतिको जनआस्थामा प्रतिकूल असर पर्न सक्ने हुँदा सोको संशोधन एवं परिमार्जनका लागि आवश्यक पहल गर्ने ।'

कानुन अस्पष्ट हुँदा न्यायमा असर पऱ्यो तर हाम्रो आदेश फैसला चाहिं पारदर्शी हुनु नपर्ने ? हाम्रो हिजो फैसला गर्ने न्यायाधीशको हैसियतका डिठ्ठा पद खिइँदै खिइँदै अब डिठ्ठा तामेलदारमा झरे जस्तै सुरुको फैसला किन फरक पर्ने हो ? कारण लेख्न नसकी विपक्षी झिकाउने र अन्तरिम आदेश किन जारी हुनपर्ने ? किन जारी हुन नसक्ने ?

आधार कारण खुलाउन नसक्ने अयोग्य न्यायाधीशलाई महान् मानेर हिंड्नुपर्ने आशयको विज्ञप्तिले बजार लिएन ? जसले यो यो कारणबाट सुरुको फैसलामा त्रुटि छ वा यो यो कारणले अन्तरिम आदेश हुने वा नहुने भनेर लेख्न सक्ने हैसियत, योग्यता, क्षमता र आँट हुने न्यायाधीशले आफ्नो पूर्व आदेश विपरित पनि फैसला आदेश गर भनी फुलकोर्टले निर्देशन गर्न मिल्छ र ? इजलासको रुलिङ बाझिएन ? न्यायाधीशको आचारसंहिता विपरित भएन र ? बडाले जे गर्छ हुन्छ सर्वसम्मत ?

**के बैठकका निर्णयले इजलासको न्यायिक निर्णय काट्न सक्छ ?**

बैठकका निर्णयहरू न्यायाधीशले नै गरेको भए पनि यो प्रशासनिक प्रकृतिको निर्णय हो न्यायिक निर्णय होइन । मुद्दाको रोहमा वा इजलासबाट भएको न्यायिक निर्णय सरह प्रशासनिक निर्णयको मान्यता रहन सक्दैन ।

न्याय प्रशासन ऐन २०७३ को दफा १७(१) ले न्याय सम्पादनको कार्यमा अवरोध गरेमा वा आदेश फैसलाको अवज्ञा गरेकोलाई अवहेलना मानेको छ । मिटिङ, बैठक, परिपत्र र विज्ञप्ति भन्दा फैसला आदेश न्यायिक पद्धतिका उच्चतम र गरिमामय भएको आफैं प्रष्ट छ र सर्वोच्च अदालत पनि यस तथ्यमा सहमत नै रहेको न्यायिक इतिहास छ । नेकाप. २०४३ अंक ४ नि.नं. २६८५ पृष्ठ ३२६ मा- 'विभागीय परिपत्रले कानुनको रूप लिन्छ भन्न मिल्दैन' भनेको छ । नेकाप. २०५३ अंक ४ नि.नं. ६१७२ पृष्ठ २९१ मा- 'मन्त्रिपरिषदको निर्णयको आधारको पत्रले मौजुदा कानुनी व्यवस्थालाई काट्न नसक्ने ।

कुनै पनि न्यायिक, अर्धन्यायिक निकायले एकपटक एउटै विषयमा निर्णय गरिसकेपछि सोही विषयको कुरालाई लिएर पुन: सोही विषयमा निर्णय गर्न नहुने' भनी व्याख्या भएको छ । इजलासबाट भएका न्यायिक फैसलालाई उल्ट्याउन (ओभर रुल) पनि इजलासबाट मात्रै सम्भव छ । बैठक, भेला, गोष्ठीबाट उल्ट्याउन थाले हाम्रो न्यायिक मान्यता के होला ?

**न्याय थुपारिने कुरा हो कि महसुस गर्ने ?**

बाघले खरायोलाई गर्ने न्याय, ठूलो शासकले निरीह जनतालाई गर्ने न्याय, टोले गुण्डाले सरिफ व्यक्तिलाई दिने आदेश जस्तो आत्मादेखि अत्याचार महसुस गरेर पनि पालन गर्नुपर्ने बाध्यकारी न्याय होइन अदालतको न्याय । अदालतको न्याय मेरो यो गल्तीको यो सजाय भएछ भन्ने आत्मस्वीकृति न्याय हुनुपर्छ । गाउँघरमा जनता जम्मा भएर फैसला पढ्दा उनले पनि न्याय परेको महसुस हुनुपर्छ । अदालतको फैसला बाध्यकारी छ भन्दैमा अदालतले पनि यो रामवाणले निर्दोष व्यक्तिको टाउको छेदन गर्छ कि गर्दैन ? भनेर हेक्का राख्नुपर्छ ।

नेकाप. २०७१ अंक ५ नि.नं. ९१५७ पृष्ठ ६३० मा- 'पुनरावेदन अदालतले पुनरावेदन गर्न जानु भनी सुनाएको आधारमा मात्र पुनरावेदनको अधिकार सिर्जना हुँदैन । पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने सम्बन्धित कानुनमै व्यवस्था हुनुपर्दछ' भन्ने आदेश भयो । आदेश आफैंमा विद्वत्तापूर्ण र सैद्धान्तिक होला । तर जनताले कसरी बुझ्ने ?

अदालतमा काम गर्ने कर्मचारीदेखि न्यायाधीशसम्मको योग्यता र अनुभव कानुनमा तोकिएको छ । कानुन बमोजिम योग्यता भएका व्यक्तिले कानुनको दफा तोकी पुनरावेदन गर्न जानु भनी तोकेको फैसला विपरित एउटा अनपढ जनताले यो फैसलाको यो दफा मिलेन म यो दफा बमोजिम जान्छु भनेर कसरी भन्छ ? अनि फैसलामा बताएको बाटो विपरित लिखत लिएर जाँदा त्यो फैसला विपरित काम गर्न कर्मचारी संयन्त्र तयार हुन्छ ? हामीले अहिले त्यस प्रकार को संयन्त्र तयार गरेका छौं ?

त्यत्रो कानुनी गल्ती गर्ने न्यायाधीश उपर चाहिं कुनै न्यायिक टिप्पणी गर्नु नपर्ने ? र बलिको बोका सधैं निरीह जनता मात्रै हुनुपर्ने ? त्रुटि गर्ने न्यायाधीश उपर फैसलामा न्याय प्रशासन ऐन २०७३ को दफा २३ बमोजिम तालुक अड्डामा लेखी पठाएको चाहिं पाइएन । यसबाट अड्डाले गरेको सदर व्यक्तिले गरेको बदर हुँदैन भन्ने स्वयं सर्वोच्च अदालतको सिद्धान्त विपरित भयो । प्रदीपकुमार अग्रवाल र परशुराम झाको मुद्दामा भएको रुलिङ्ग फरक भएको, आत्मनिष्ठ दृष्टिकोण लिई वा फितलो तर्क, उपस्थित गरी भएका नजिरलाई इन्कार गर्नुपर्ने स्थितिको चित्रण नेकाप. २०५८ अंक ३ नि.नं. ६९८४ मा सर्वोच्च अदालतको ९ सदस्यीय पूर्ण इजलासबाट मुद्दाको रोहमा न्यायिक फैसला भएको छ । यसबाट अपारदर्शी एवं आत्मकेन्द्रित फैसलाबाट न्याय नहुने महसुस भएको प्रष्ट बुझिन्छ । यस परिदृश्यमा हामीले आधार कारण विनाका आदेशलाई प्रोत्साहन दिने र आफ्नै रुलिङ्ग आदेश विपरीत फैसला आदेश गर्न उत्प्रेरित गर्ने तवरले तालुक अड्डाको विज्ञप्तिलाई आदेशको भारी बोकाउन मिल्दैन । यो विज्ञप्तिले कानुनको रूप धारण गर्न सक्दैन विज्ञप्ति सच्याउनुपर्छ ।

**गल्ती नछोपौं, सुधार गरौं**

अन्तरिम आदेशका लागि अपूरणीय क्षति वा मौलिक हक वा कानुनी व्यवस्थाको गम्भीर उल्लंघन भएको वा हुनसक्ने प्रबल संभावना देखेमा गर्नुपर्ने हुन्छ । यस्तो गम्भीर कुरा अपारदर्शी वा मनोगत हुँदैन, आधार र कारणसहितको सप्रमाण हुनुपर्छ । न्यायाधीशको चित्तमा लागेर मात्रै हुँदैन । चित्तमा क्रोध, माया, ईर्ष्या, लोभ, पाप, सहानुभूति, इबी, गुण पनि बस्न सक्छ मनासिव माफिक र कारणसहितको आधार नै न्यायिक पारदर्शिता समयले मागेको छ ।

फुलकोर्टबाट नै यस्तो निर्णय गर्नुपर्ने बाध्यता मुद्दाको लगत नै टाउको दुखाइ होला । मुद्दाको चाँडै फर्स्योटको अरू विधि छन्, ती विधिहरू अवलम्बन गर्नुपर्दछ । अदालतले सुझावको रूपमा माग्यो भने ती विधि प्रक्रिया पनि बताउन सकिन्छ । हिजो पारदर्शी, निर्भीक, सक्षम अदालतको लागि आन्दोलन हुँदाका हाम्रा सेनापति नै आज सर्वोच्च अदालतको प्रधान न्यायाधीशको हैसियतमा काम गर्दै हुनुहुन्छ ।

अनि सर्वोच्च अदालतमा नचिनेका र एकादेशका नौलो अनुहार कोही हुनुहुन्न । तपाईंहरू सबै पारदर्शी न्यायको हिमायती नै हो, तपाईंहरूले सिकाएर सत्य-निष्ठा बोकेको यो कलमे मान्छे जहाँको त्यहीं छ । तर हिजो तपाईंहरूले देखेको सिद्धान्त दृश्य र आज तपाईंहरूले गरेको सिद्धान्त दृश्य मेरो आँखामा तपाईंहरूको बुझाइमा कसरी फरक भयो ?

म युद्ध गर्न सक्दिनँ, मलाई राज्य धन, दौलत, पद शक्ति केही चाहिँदैन, म मान्छे मार्न सक्दिनँ भनेर डिप्रेसन भएका अर्जुनलाई कृष्णले युद्धका लागि उक्साएको गीतामा महात्मा गान्धीले अहिंसा देखे र गीता पाठ गरेर, गीताको पुस्तक हातमा लिएर शान्तिको पर्यायवाची बन्न पुगे । के अपारदर्शी न्याय हुनुहुन्न भन्ने मेरो भ्रम दोष हो ? के त्यो विज्ञप्तिले अपारदर्शी न्यायलाई प्रोत्साहन गरेको छैन ?

तपाईंहरू सबै मेरा मान्यजनहरू हुनुहुन्छ, तपाईंहरूको विरोध गरेर मलाई कुनै केही प्राप्तिको ध्येय छैन तर अध्ययनशील, योग्य, सक्षम, दक्ष, निडर र स्वाभिमानी न्यायाधीश भन्दा अपारदर्शी, आधार कारण खुलाउन नसक्ने अयोग्य र आत्मखुसीलाई प्रोत्साहन गर्ने न्यायिक आदेश फैसलाउन्मुख न्याय प्रणालीमा जानबाट रोक्नु हामी सबैको कर्तव्य हो ।

*(साभार: अनलाइनखबर)*

# विकासका लागि अब यसरी सोच्ने कि ?



नरेन्द्र देवकोटा

सन् २०२१ को जनगणनाअनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार रहेको छ । प्रति परिवार पाँच जना घर सदस्य मानी औसत हिसाब गर्ने हो भने लगभग देशभरी ५८ लाख ३८ हजारको हाराहारीमा घरधुरी रहेका छन् ।

स्थानीय निकायमार्फत् लगत निकाली 'एकीकृत कम्प्युटर डाटावेस प्रणाली' को माध्यममबाट सूचना लिने हो भने कुन-कुन व्यक्ति तथा संस्थाको नाममा कहाँ-कहाँ कति मात्रामा घर जग्गा छ भन्ने कुराको यकिन तथ्य थाहा हुन्छ ।

सम्पन्न पश्चिमी मुलुकले लिएको भूमिसम्बन्धि अत्याधुनिक नीतिअनुसार हाम्रो देशमा पनि एक परिवारको हकमा एक आवासीय घर राख्न पाउने र त्यसमा विशेष सहुलियतको व्यवस्था गरी राज्यवाट प्रोत्साहन गर्ने गरी भू-नीति तय गर्नु अत्यावश्यक रहेको छ ।

एउटा व्यक्तिको एकभन्दा बढी घर को हकमा त्यसलाई व्यवसायिक प्रयोजनको रुपमा वर्गीकरण गरी केही बढी कर लगाई अलि कठोर नीति लिने हो भने हाल देखिएको जग्गाको अस्वभाविक किनवेच र पहुँचवालाहरुको मनोमानी धेरै हदसम्म कम हुन जान्छ ।

हामी 'ई-गभर्नेन्स' को कुरा गर्छौं । सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर सरकारले नागरिक र व्यवसायमा पुऱ्याउने सेवाको गुणात्मक अभिवृद्धिलाई विद्युतीय शासन 'ई-गभर्नेन्स' भनिन्छ,जसको माध्यमवाट सेवाग्राहीले घरमै बसेर इन्टरनेटमार्फत् आफूलाई चाहिने सरकारी सेवा प्राप्त गर्न सक्छन् । हाम्रो मुलुकले पनि विस्तारै भएपनि विभिन्न क्षेत्रमा यसको सुरुवात गरिसकेको छ ।

भन्सार, मालपोत, यातायात, कर कार्यालय जस्ता नागरिकको प्रत्यक्ष सरोकार राख्ने र भीडभाड हुने निकायमा विगत केही वर्षदेखि अनलाइनमार्फत् काम हुँदै आएता पनि केही कर्मचारीहरु आफ्नो व्यक्तिगत फाईदाका लागि जडान गरिएको मौजूदा 'सर्भर सिस्टम' लाई डाउन गरी अनुचित लाभ लिई सेवा प्रदान गर्ने परम्परागत शैली हट्न सकेको छैन । यसको भरपर्दो अनुगमन,नियन्त्रण र कार्यान्वयन पक्षमा सम्वन्धित सरोकारवाला निकाय अझै पनि फितलो नै देखिन्छ ।

अन्य पश्चिमी विकसित मुलुकको कुरा गर्नु पर्दैन,छिमेकी भारतमै हेर्ने हो भने पनि अधिकांश क्षेत्रमा कागजरहित (पेपरलेस) र नगदरहित (क्यासलेस) अवधारणा अब सामान्य भइसक्यो ।

'ई-गभर्नेन्स' लाई अझ सहज र परिष्कृत तुल्याउँदै भारतमा अब मोबाइल तथा वायरलेसको माध्यमवाट सरकारी सेवा प्रवाहलाई 'जुनसुकै समयमा जहाँबाट पनि' गर्न सक्ने व्यवस्थाको सुरुवात अर्थात् 'एम-गभर्नेन्स' को अवधारणा अनुरुप गुणस्तरीय सेवा प्रदान गर्दै आएको प्रत्यक्ष अनुभव हामीले देख्न सक्छौं ।

नेपालमा पनि 'ई-गभर्नेन्स' कै नीतिअनुसार कतिपय सरकारी तथा निजी क्षेत्रवाट कछुवाको गतिमा आफ्ना गतिविधिहरु संचालन गर्दै आएता पनि यसको व्यापकता र गुणात्मकतामा अझै पनि सोचेजति सफलता हासिल गर्न सकेको छैन ।

अझै पनि दैनिक सार्वजनिक चासो र भीडभाड हुने सरकारी तथा अर्द्धसरकारी निकायहरुमा इ-पेमेण्ट र डिजिटल वालेटवाट गरिएको भुक्तानीलाई सहज रुपमा स्वीकार गर्न सकेको छैन । सानो भन्दा सानो सेवा लिनका लागि पनि घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता हाम्रो अगाडि छर्लङ्ग छ ।

जबसम्म क्यासलेस तथा पेपरलेस कार्यले परम्परागत कार्यशैलीलाई विस्थापित गर्दैन, तबसम्म प्रविधिमैत्री कार्यक्षेत्रको विकास हुन सक्दैन । तसर्थ,क्यासलेस तथा पेपरलेस कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक तयारी गर्नुपर्ने देखिन्छ ।

देशमा चरम बेरोजगारीले आक्रान्त पारेको कुरा दिनहुँजसो प्रकाशित हुने अखवार तथा अनलाइन पत्रपत्रिकामा बाक्लै देखिन्छ तर यसलाई कसरी कम गर्ने भन्ने ध्यान सायद कमैले दिएका छन् । डिसेम्वर २०१८ को आकडाअनुसार हाम्रो देशमा ७० लाख ८६ हजार निजामती कर्मचारी कार्यरत छन् । यसमा पनि अधिकांश कर्मचारीहरुको कार्य सम्पादन शैली परम्परागत नै छ ।

अझ भनौं पछिल्लो पुस्तामा आएका बाहेक प्रविधिमैत्री कर्मचारीहरुको उपस्थिति यस क्षेत्रमा धेरै कम छ । यिनीहरुको सही मात्रमा व्यवस्थापन गर्न सकेमा केही हदसम्म यो समस्याको समाधान हुन जान्छ । काम गरिरहेका निजामती कर्मचारीलाई त्यतिकै अलपत्र पार्न पनि सकिंदैन र प्रविधिमैत्री बन्न नसक्ने कर्मचारीबाट अपेक्षा गरे अनुसारको सेवा प्रवाह हुन पनि सक्दैन ।

अत: त्यसका लागि दीर्घकालीन रुपमा योजना बनाई चरणबद्ध रुपमा दक्ष कर्मचारीलाई प्रविधिसम्बन्धि स्वदेश वा विदेशमा तालिम लिन पठाई आवश्यकताअनुसार 'कोर टिम' खडा गर्ने र ती टिमले अन्यलाई आफ्नो स्तर अनुसारको तालिमको व्यवस्था गरी एउटा निश्चित समयावधिभित्र तिनीहरुको कार्य सम्पादन मूल्याङ्कनको आधारमा छनौट गरी उपयुक्त स्थानमा खटाई काममा लगाउन सकिन्छ ।

जजसले अहिलेको प्रविधिलाई आत्मसात गर्न सक्दैन,उसलाई स-सम्मान कार्य अवधिको आधारमा अनिवार्य रुपमा अवकाश दिने र त्यसरी रिक्त भएको स्थानमा प्रविधिमैत्री नयाँ जनशक्ति पदस्थापन गर्ने हो भने विश्वविद्यालयवाट सर्टिफिकेट लिएर बसेका हजारौं युवा पासपोर्ट लिई विदेश जान बाध्य हुनु पर्दैन । सन् २०१८ को तथ्याङ्कलाई हेर्ने हो भने कुल जनसंख्याको ६७.९१ प्रतिशत नागरिक शिक्षित छन् । तर हाम्रो सोचाई र चेतनामा भने परिवर्तन आउन सकेको छैन । भएको खेतबारी बाँझो राखेर हामी खाद्यान्न आयात गर्छौं र महँगी बढ्यो भन्दै चौतारीमा 'चिया गफ' चुट्न थाल्छौं । तर विडम्वना,ग्रामीण सामूहिक कृषि कार्यको सुरुवात हामी आफैं गर्दैनौं ।

तरकारी फलफूल तथा अन्य उत्पादन हामी एक अर्काको देखासिकीमा गर्छौं,जसले गर्दा किसान आफैं आफ्ना उत्पादनलाई कौडीको भाउमा बेच्न बाध्य हुन्छ । उत्पादन भएका कृषियोग्य बस्तुहरुको पनि न उचित बजारीकरण छ,न त राज्यले नै यसलाई व्यवस्थित गर्न सकेको छ ।

अब सोच बदल्नु पर्छ । समुदायमा आधारित कृषि कार्य गर्नका लागि राज्यले आवश्यक योजना ल्याउनुपर्छ । स्थानीयको उत्पादनमा विचौलियाले हैन,राज्यले नै आवश्यक पकड क्षेत्र पहिचान गरी तरकारी,फलफूल, जडिबुटी, चिया जस्ता सीमित कृषि उपजहरुलाई लक्षित गरी सामूहिक सौदाबाजी तथा मूल्य नेतृत्वमार्फत् कार्य गर्ने परिपाटीको थालनी गर्नुपर्छ । र, विस्तारै अन्य नगदे बाली, पशुपंक्षी, खाद्यान्न, वनस्पति लगायतका क्षेत्रमा दायरा बढाउँदै सोहीअनुसार कार्य गर्नु आवश्यक छ ।

अन्त्यमा,विकास आजको भोलि हुने कुरा हैन र सम्भव पनि छैन । तर गर्ने इच्छाशक्ति हुने हो भने सीमित स्रोत र साधनका बाबजूद असम्भव पनि छैन । यी र यस्ता विचारहरु राज्य संयन्त्र हाक्ने जिम्मेवारीसहित उच्च ओहदामा बसी 'थिंक ट्याङ्क' को भूमिका निर्वाह गर्ने पदाधिकारीहरुले सोचेर आवश्यक क्षेत्रको पहिचान गरी कार्य गर्ने हो भने छोटो समयमा नै देशले विकासको गति लिने कुरामा दुईमत छैन । *(साभार: रातोपाटी)*

# मकवानपुरमा ६ हजारको नजिक पुगे डेंगु संक्रमित

हेटौंडा, १८ मंसिर/ मकवानपुरमा डेंगु संक्रमितको संख्या झण्डै ६ हजारको नजिक पुगेको स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकले देखाएको छ ।

जिल्लामा पछिल्लो २४ घण्टामा थप ८ जना डेंगु संक्रमितको बिरामी थपिएका छन् । हालसम्म डेंगु संक्रमितको संख्या ५ हजार ८ सय २२ जना पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । उक्त तथ्यांक गत साउन महिनादेखि आइतबारसम्मको हो । जसमध्ये डेंगु संक्रमण हुनेमा महिला भन्दा पुरुष बढी छन् । ३ हजार १ सय ८९ जना पुरुष र २ हजार ६ सय ३३ जना महिलामा संक्रमण भएको कार्यालयले जनाएको छ । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । हेटौंडामा जनघनत्व बढी रहेको कारण पनि बढी संक्रमण यहीँ देखिएको चिकित्सकहरुले बताएका छन् ।

हेटौंडामा मात्रै २ हजार ३ सय ८८ जना पुरुष र १ हजार ९ सय ४४ जना महिला गरी ४ हजार ३ सय ३२ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५ सय ३८ जना पुरुष र ४ सय ९० जना महिला गरी १ हजार २८ जना, थाहा नगरपालिकामा १ सय ८ जना पुरुष र ६७ जना महिला गरी १ सय ७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३४ जना महिला गरी ७९ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् ।

कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, भीमफेदी गाउँपालिकामा ३१ जना पुरुष र २७ जना महिला गरी ५८ जना, बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४६ जना, राक्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २४ जनामा संक्रमण देखिएको जनाइएको छ । हाल ठेगाना नखुलेका १७ जना पुरुष र १८ जना महिला गरी ३५, अन्य जिल्लाका १५ जना पुरुष र १० जना महिला गरी २५ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । हालसम्म संक्रमणबाट हेटौंडा घर भएका एक जना संक्रमितको मृत्यु भएको छ ।

## राजस्व घटेपछि आयात प्रतिबन्ध नलम्ब्याउने निष्कर्षमा सरकार

काठमाडौं, १८ मंसिर/ साढे ८ महिनापछि सरकारले चार बिलासी वस्तुमाथिको आयात प्रतिबन्ध नलम्ब्याउने भएको छ ।

महँगा गाडी, मोबाइल, मदिरा र मोटरसाइकलको आयात प्रतिबन्धलाई मंसिर मसान्तपछि निरन्तरता नदिने निष्कर्षमा सरकार पुगेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले बतायो ।

नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय र वाणिज्य मन्त्रालयसँगको छलफलपछि सरकार प्रतिबन्ध हटाउने अवस्थामा पुगेको र अब प्रतिबन्ध हट्न कानुनी प्रक्रियामात्रै बाँकी रहेको एक उच्च अधिकारीले बताए ।

यसअघि समस्यातिर धकेलिएको अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार भइरहेको र राजस्व संकलन प्रभावित भएको अवस्थालाई विश्लेषण गरेर तत्कालाई प्रतिबन्ध खोल्न लागिएको हो । अन्तर्राष्ट्रिय दातृ निकायहरुले पनि प्रतिबन्धको साटो ब्याजदरसहितको मौद्रिक उपकरण प्रयोग गर्न सुझाव दिँदै आएका छन् ।

'अब ३ सय अमेरिकी डलर भन्दामाथिका मोबाइल, ५० हजार डलरभन्दा महँगा गाडी, विदेशी मदिरा र मोटरसाइकलको प्रतिबन्ध हट्छ', स्रोतले भन्यो, 'अब यसलाई निर्णय गरेर राजपत्रमा सूचना प्रकाशित गर्न वाणिज्य मन्त्रालयले प्रक्रिया पुऱ्याएर अघि बढाउँछ ।'

प्रतिबन्ध सुरु भएको अवस्थाको तुलनामा शोधानान्तर अवस्था बचतमा गएको, विदेशी विनिमय सञ्चितीमा सुधार भएको र रेमिट्यान्स आप्रवाह बढेका कारण आयात प्रतिबन्ध हटाउने अवस्थामा पुगेको सरकारी दाबी छ ।

## पशुपतिनाथ माविद्वारा सम्मान र पुरस्कार वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ देशकै लोपन्मुख समुदाय वनकरिया र अतिसिमान्तकृट चेपाङका बालबालिका पढ्दै आइरहेका मनहरी गाउँपालिका स्थित पशुपति माध्यमिक विद्यालयले स्थापना दिवस मनाएको छ ।

पशुपतिनाथ माविले ४८ औं स्थापना वर्षको अवसरमा आयोजित कार्यक्रममा विद्यालयको शैक्षित गतिविधिमा सहयोग पुऱ्याउनेलाई सम्मानदेखि विद्यार्थीलाई पुरस्कृत गरेको छ । विविध खेलकुद प्रतियोगिताका विजेता विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ । कक्षा १ देखि १० सम्मका बालबालिकालाई विभिन्न मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताको आयोजना गरिएको थियो । खेलकुद प्रतियोगिताका विजेता विद्यार्थीलाई वडाअध्यक्ष प्रकाश थापाले पुरस्कृत गरेका छन् । २०२७ सालमा स्थानीय समाजसेवीहरुले व्यक्तिगत खर्चबाट संचालन गरेको यस विद्यालयलाई २०३२ साल मंसिर १५ गतेका दिन तत्कालीन सरकारले अनुमति दिएको थियो ।

पछिल्लो एक दसकदेखि विद्यालयले नियमित रुपमा स्थापना दिवस मनाउँदै आएको हो । विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधब गौतमलाई सम्मान गरिएको छ । विद्यालयका शिक्षक परिवारको तर्फबाट प्रधानाध्यापक भानुभक्त आचार्यले अध्यक्ष गौतमलाई कदर पत्रद्वारा सम्मान प्रदान गरेका हुन् ।

विद्यालय व्यवस्थापन समितिमा रहेर उत्कृष्ट कार्य गरेको भन्दै गौतमलाई यसअघि बागमती प्रदेश सरकारले प्रदेश दीपसमेत दिएको थियो । गौतम पछिल्लो ६ वर्षदेखि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छन् । गौतम गाउँपालिकाको शिक्षा समिति सदस्यसमेत छन् ।

## 'महापुरुष'पछि नेपाली फिल्मलाई दर्शक अभाव






काठमाडौं/यस वर्ष केही नेपाली फिल्मको व्यापार चमत्कारी रह्यो । 'कबड्डी ४'ले सर्वाधिक कमाईको रेकर्ड राख्यो भने 'झिंगेदाउ', '२ नम्बरी' र 'महापुरुष' वर्षकै 'क्लिन हिट' फिल्म बने ।

'प्रेमगीत ३' वर्षको दोस्रो ठूलो कमाई गर्ने फिल्म बन्दा 'ए मेरो हजुर ४' र 'के घर के डेरा'ले घरेलु बजारबाटै लगानी उठाउन सफल भए । यो वर्षको अन्तिमसम्म थप केही फिल्म सुपरहिट हुने आँकलन गरिएको छ ।

तर, 'महापुरुष'पछि प्रदर्शनमा आएका नेपाली फिल्मको अवस्था टिठलाग्दो छ । अघिल्लो हप्ताको फिल्म 'मिलन' र यस हप्ताको फिल्म 'पासो' दुवै बक्सअफिसमा टाँट पल्टिए । 'मिलन' चार/पाँच दिन भए पनि मल्टीप्लेक्सहरुमा टिकेको थियो । तर, 'पासो'लाई तीन दिनमै दर्शक अभावका कारण राजधानीका प्राय: मल्टीप्लेक्सहरुले उतारेका छन् । केहीमा भने सोमबारसम्म टिक्ने देखिन्छ ।

जाडो र वर्ल्ड कपको माहोलका कारण मंसिरमा रिलिज भएका नेपाली फिल्मले दर्शक पाउन नसकेको विश्लेषण कतिपयको छ । केही हदसम्म यसमा सत्यता पनि छ । जाडोले गर्दा विहानी शो र वर्ल्ड कपले साँझको शोमा दर्शकको उपस्थिति खासै सुखद् छैन । तर, दिउँसोको शोमा समेत नयाँ नेपाली फिल्मप्रति दर्शक आकर्षित नहुनुले फिल्म आफैंमा सशक्त छैनन् भन्ने बुझ्न सकिन्छ ।

अब फिल्म क्षेत्रकै आशा फागुन महिनामा छ । यो महिनामा सुपरहिट हुन सक्ने केही फिल्महरुले रिलिज मिति तोकेर बसेका छन् । यसमध्ये एक हो, 'छक्का पञ्जा ४' ।

यसका अघिल्ला तीनै वटा श्रृंखलाले कमाईमा एतिहासिक रेकर्ड बनाएका कारण यो फिल्मले पनि नयाँ रेकर्ड बनाउने अपेक्षा गरिएको छ । फागुनमै 'परदेशी २', 'छड्के २', 'फूलबारी' जस्ता आशातित फिल्म पनि लाग्दैछन् ।

*(स्रोत: फिल्मीखबर)*

## सलोन र करिश्मालाई आमेशको गीत उपहार



काठमाडौं/असल मित्रताको उदाहरण हुन्, सलोन बस्नेत र आमेश भण्डारी । फिल्म 'मेला'मा सहकार्य गरेपछि उनीहरु बीच मित्रता गाँसिएको थियो । त्यसयता उनीहरुले एकअर्कालाई छायाँ झैं साथ दिइरहेका छन् । अभिनयसँगै गायनका पनि सौखिन यी दुईले एकसाथ केही गीत निकालेका छन् भने चाँडै नयाँ फिल्ममा काम गर्ने तयारीमा छन् । दुवैको एकअर्काको परिवारसँग पनि राम्रो सम्बन्ध छ ।

मंसिर १२ गते सलोनले एयर होस्टेस करिश्मा केसीसँग विवाह गरे । उनको विवाहमा यदि कोही सबैभन्दा बढि खटेको थियो भने ती आमेश थिए । उनले मेहेन्दी-संगीतदेखि रिसेप्सन पार्टीसम्म सलोनको साथ छाडेनन् । उनीहरुबीच कति बलियो मित्रता छ भन्ने कुरा आमेशले सलोन र करिश्मालाई विवाहको उपहार स्वरुप गीत तयार गरेर रिसेप्सन पार्टीमा सार्वजनिक गर्नुले पनि बुझाउँछ ।

रिसेप्सनमा सार्वजनिक गरिएको आमेशद्वारा स्वरवद्ध 'राजा रानी' बोलको गीत आइतवार राजधानीमा एक कार्यक्रमका बीच युट्युब रिलिज गरियो ।

सलोनलाई राजा र करिश्मालाई रानीको रुपमा चित्रित गरिएको 'सलोमा' वेडिङ भिडियोमा उनीहरुको विवाहलाई उतारिएको छ । बेलुहा-बेहुलीको पहिरनमा सिंगारिएकोदेखि करिश्मा सलोनको घरमा भित्रिँदासम्मको दृश्य भिडियोमा देखिन्छ ।

गीतमा आमेशलाई गायिका सुनिता थेगिमले गायनमा सघाएकी छन् भने आमेशकै शब्द रचना तथा संगीत छ । भिडियोमा निर्देशक र निर्माातामा सलोनको नाम छ । गीत सार्वजनिक कार्यक्रममा नवविवाहित जोडीसँगै निर्देशक शोभित बस्नेत, उनकी छोरी सलिना बस्नेत र आमेश भण्डारी उपस्थित थिए । आमेशले 'राजा रानी' गीत सलोन र करिश्माका लागि आफ्नो मनबाट निस्किएको बताए ।

## अर्को वर्ष विवाहको तयारीमा सविन र अनु



काठमाडौं/लगनको महिना अर्थात् मंसिर सुरु भएसँगै सेलिब्रेटीहरु विवाह बन्धनमा बाँधिरहेका छन् । तर, नेपाली फिल्मको 'लभ बर्डस्' सविन श्रेष्ठ र अनु शाहको विवाहका लागि लगन जुर्न सकेको छैन । विगत ७/८ वर्षदेखि प्रेम सम्बन्धमा भए पनि उनीहरु विवाहका लागि हतारिएका छैनन् । कोभिडअघि यो जोडीले अदालती विवाह गरेको खबर चुहिएको थियो । तर, दुवैले यसको खण्डन गरेका थिए ।

अब भने यो जोडी बिहेको योजनामा छ । सविनले अर्को वर्ष विवाह हुनसक्ने बताए । उनी भन्छन्, 'बिहे अलि राम्रैसँग गर्ने योजनाले पनि हतार नगरेका हौं । यस वर्ष त होइन, अर्को वर्ष चाहिँ विवाह हुनसक्छ ।' प्रेम सम्बन्धलाई विवाहमा बदल्न ढिलाई गरे पनि उनीहरुबीच व्यवसायिक सहकार्य हुँदै आएको छ । उनीहरुले 'लक्ष्य', 'हमेशा', 'आधी बाटो' फिल्ममा एकसाथ काम गरेका छन् ।

अब यो जोडीको म्यूजिक भिडियोमा पनि सहकार्य हुन थालेको छ । सरगम राईको स्वरवद्ध 'खुसी साटौ जुनी काटौं' गीतमा सविन र अनुले पहिलो पटक काम गरेका थिए । फेरि उनीहरुले राईकै नयाँ गीत 'भाकी सकेँ'मा काम गरेका छन्, जुन शनिवार रिलिज भएको छ । अघिल्लो गीतको सफलतापछि गायक राईकै इच्छाअनुरुप आफूहरुले नयाँ भिडियोमा काम गरेको सविन बताउँछन् ।

सविन र अनुले फिल्ममा काम नगरेको भने लामो समय भइसकेको छ । सविन राम्रो प्रोजेक्टबाट अफर आए आफूहरु सहकार्य गर्ने बताउँछन् ।

अहिले उनी तीनवटा प्रोजेक्टको तयारीमा छन् । यी फिल्ममा दर्शकले आफूलाई अहिलेसम्मकै फरक भूमिकामा देख्न पाउने उनको भनाई छ । यी ह्यान्डसम हंक आफैं पनि निर्देशक सविर श्रेष्ठसँग मिलेर नयाँ फिल्म निर्माणको तयारीमा छन् ।

## विश्वकप-२०२२

# अर्जेन्टिनाको विश्वकप सपना कायम राख्दै मेसी



काठमाडौं/अर्जेन्टिनाका कप्तान लिओनल मेस्सीले आफ्नो करिअरको एक हजारौं व्यवसायिक खेलमा गोल गर्दै आफ्नो देशलाई विश्वकप दिलाउने सपना कायम राखेका छन् ।

मेस्सी र युलियन अल्भारेजको गोलमा गएराति अष्ट्रेलियालाई २-१ ले पराजित गर्दै अर्जेन्टिनाले ३६ वर्षपछि विश्वकप उपाधि खडेरी तोड्न अर्को कदम चालेको छ ।

अर्जेन्टिनाले अब क्वार्टरफाइनलमा नेदरल्याण्ड्स विरुद्ध खेल्नेछ । पूरा देशकै आशाको रुपमा रहेका मेस्सीलाई अब केही दिन आराम हुनेछ । उनी तीन गोल गर्दै जारी विश्वकपमा सर्वाधिक गोल गर्नेमा संयुक्त रुपमा अगाडि छन् ।

आफ्नो करियरको ७८९औं गोल गरेका मेसी भने, 'अर्को पाइला अघि बढाएर, अर्को लक्ष्य हासिल गर्न पाउँदा म खुसी छु । यो निकै प्रतिस्पर्धात्मक र कठिन खेल थियो ।'

खेल सकिएको सिठ्ठी बजेपछि फ्यानहरू 'मेस्सी, मेस्सी, मेस्सी' भन्दै नारा लगाइरहेका थिए । जहाँ मेस्सी आफ्नो टोलीका साथीहरूसँग मिलेर उफ्रिरहेका थिए ।

मेस्सीले भने, 'प्रशंसकहरूसँग उनीहरूको सुन्दर पल सेयर गर्न पाउँदा म साँच्चै खुसी छु । मलाई थाहा छ उनीहरूले यहाँ आउन कत्तिको मेहनत गरेका छन् र मलाई थाहा छ सम्पूर्ण अर्जेन्टिना यहीँ आउन चाहन्छ ।'

इंगल्याण्डका पूर्व कप्तान एलन शियररले पनि मेसीको प्रशंसा गरे । उनले भने, 'हामी यो स्टेडियममा उनलाई हेर्न पाउँदा धेरै भाग्यमानी छौं । उनको कस्तो गज्जबको प्रदर्शन । हामीले उनको क्षमता, भोक र इच्छाको बारेमा कुरा गरेका छौं ।'

मेस्सीले गएराति गरेको गोल विश्वकपको नकआउट चरणमा उनको पहिलो गोल थियो । तर उनको कूल ९ गोल गाब्रिएल बाटिस्टुटाको भन्दा एकले कम छ । अष्ट्रेलियाको विरूद्ध मेस्सीले आफ्नो पासको ९० प्रतिशत पूरा गरे, चार अवसर सिर्जना गरे र विपक्षी क्षेत्रमा नौ टच गरे ।

अष्ट्रेलियाका प्रशिक्षक ग्राहम अर्नोल्डले भने, 'उनी अविश्वसनीय छन् । अहिलेसम्मकै महान्मध्ये एक । हामीले उनलाई रोक्न कडा मेहनत गऱ्यौं, तर उनी उत्कृष्ट छन्', उनले भने ।

**१९८६ को जस्तै ?**

लियोनल स्कालोनीको प्रशिक्षणमा अर्जेन्टिना तेस्रो विश्वकप उपाधि जित्ने लक्ष्यमा छ । पछिल्लो पटक डिएगो म्याराडोनाको प्रेरणामा अर्जेन्टिनाले १९८६ मा विश्वकप जितेको थियो ।


स्टेडियमा बाहिर हिँड्दा त्यहाँ अर्जेन्टिनाको नम्बर १० टिसर्टको सागर नै देखिन्छ । जहाँ जर्सीपछाडि मेस्सी र म्याराडोना दुबैको नाम प्रिन्ट गरिएको छ ।

बीबीसी प्रिजेन्टर तथा इंग्ल्याण्डका पूर्व स्ट्राइकर ग्यारी लिनेकरले म्याराडोनाका विरुद्ध १९८६ मा खेलेका थिए । उक्त क्वार्टरफाइनल खेलमा म्याराडोनाले हातले गोल गरेका थिए ।

लिनेकरले भने, 'यो टिमले मलाई १९८६ को म्याराडोनाको टिम केही हदसम्म सम्झाएको छ । उनीहरु विरुद्ध खेल्न कठिन र गाह्रो छ' लिनेकरले भने, 'उनीहरुलाई हराउन गाह्रो थियो र म्याराडोनाको म्याजिकमा भर पर्थ्यो ।

त्यो बेला र अहिले धेरै कुरामा समानता छ । म्याराडोना आफ्नो उच्च फर्ममा थिए । मेस्सी निश्चय नै करियरको अन्त्यतिर पुगिरहेका छन् ।'

## फ्रान्स क्वाटरफाइनलमा, जिरुको कीर्तिमानी-एम्बाप्पेको दुई गोल



काठमाडौं/ पोल्याण्डलाई हराउँदै फ्रान्स कतार विश्वकप फुटबलको क्वाटरफाइनलमा प्रवेश गरेको छ । आइतबार राति भएको खेलमा फ्रान्सले पोल्यान्डलाई ३-१ गोल अन्तरले हराउँदै अन्तिम आठमा स्थान पक्का गरेको हो ।

अल थुमाम स्टेडियममा फ्रान्सलाई जित दिलाउन केलियन एम्बाप्पेले दुई गोल गरे । त्यस्तै ओलिभरले एक गोल गरे । पोलयाण्डका लागि रोबर्टो लेवान्डोस्कीले एक गोल फर्काए । खेलको ४४ औं मिनेटमा ओलिभर जिरुले गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका हुन् । जिरुको यो फ्रान्सका लागि कीर्तिमानी गोल हो ।

उनले फ्रान्स राष्ट्रिय टोलीका लागि हालसम्मकै सर्वाधिक गोल गर्ने खेलाडीको कीर्तिमान बनाएका छन् । उनले फ्रान्सका लागि ५२ गोल गरे । उनी अघि थिएरी हेनरीको नाममा सर्वाधिक ५१ गोल गर्ने खेलाडीको कीर्तिमान थियो ।

फ्रान्सका लागि खेलको ७४औं मिनेटमा एम्बाप्पेले गोल गर्दै टिमलाई २-० गोलको अग्रता दिलाए ।

खेलका इन्जुरी समयमा एम्बाप्पेले व्यक्तिगत दोस्रो गोल गर्दै टिमलाई ३-० गोलसँगै जित नजिक लिए । खेलको इन्जुरी समयमा नै लेवान्डोस्कीले गोल गर्दै टिमलाई ३-१ गोलको अवस्थामा ल्याए पनिट पोल्यान्ड ३-१ गोलले पराजित भयो ।

## शानदार जितसहित इङ्ल्याण्ड क्वार्टरफाइनलमा



काडमाडौं/इङ्ल्याण्ड विश्वकप फुटबलको क्वार्टर फाइनलमा प्रवेश गरेको छ। आइतबार राति अफ्रिकन च्याम्पियन सेनेगललाई ३-० ले पराजित गर्दै इङ्ल्याण्डले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको हो।

खेलको सुरुवातमा अफ्रिकन च्याम्पियनले केही चुनौती दिए पनि ३८ औं मिनेटमा पछि परेपछि थप कमजोर देखिएको थियो। पाएका केही अवसरमा पनि गोल गर्न सेनेगल चुक्दा इङ्ल्याण्डले लगातार फाइदा उठायो। पहिलो हाफमा जोर्डन हेन्डरसनले सुरुवाती अग्रता दिलाएका थिए।

पछि परेको सेनेगलले थप आक्रमक खेल्न खोज्दा इङ्ल्याण्डले जवाफी आक्रमण बढायो। पहिलो हाफकै अतिरिक्त समयको तेस्रो मिनेटमा कप्तान ह्यारी केनले जालि चुमाए।

दोस्रो हाफमा पनि सेनेगल खेलमा फर्किन सकेन । ५७ औं मिनेटमा युवा फरवार्ड बुकायो साकाले तेस्रो गोल गर्दा इङ्ल्याण्डले सहज जित हात पार्यो। जारी विश्वकपमा इङ्ल्याण्ड अपराजित छ ।

पहिलो खेलमा ६-२ ले इरानलाई पराजित गरेको इङ्ल्याण्ड अमेरिकासँग गोलरहित बराबरी खेलेको थियो। समूहको अन्तिम खेलमा वेल्सलाई ३-० ले स्तव्ध पार्दै समूह विजेताका रुपमा नकआउटमा पुगेको थियो।

इङ्ल्याण्ड ५६ वर्षपछि उपाधि दोहोऱ्याउने लक्ष्यमा छ। घरेलु मैदानमा १९६६ मा उपाधि जित्नुबाहेक इङ्ल्याण्डले उपाधि दोहोऱ्याउन सकेको छैन । यसअघि २०१८ को विश्वकपमा सेमिफाइनलमा पुगे पनि क्रोएसियासँग पराजित भएको थियो। त्यतिबेला उपविजेतासँग हारेको इङ्ल्याण्डले यस पटक भने साविक विजेता फ्रान्ससँग क्वार्टर फाइनलमै भिड्ने भएको छ।

साझाकुरा

"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# जसले श्रीमतीसँगै खाडीमा कमाएको २० लाख पनि गुमाए

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ श्रीमतीले साथ छोड्ने र कमाएको पैसा, गरगहनासमेत लिएर हिँड्ने घटना पछिल्लो समय वैदेशिक रोजगारीमा गएका युवाहरुको प्रमुख पीडाका रुपमा देखिँदै आएको छ ।

घर, परिवारमा खुशी दिलाउने सपना बोकेर विदेशीएका कतिपय युवाहरुको जिन्दगीमा यस्तै पीडाहरु देखिन थालेका हुन् । विगतका वर्षदेखि नै प्रहरीमा श्रीमती हराएको, पैसा तथा गरगहनासमेत लिएर हिँडेको उजुरी पर्न थालेको हो । श्रीमती त घरमा बसिनन् तर विदेशमा रगत, पसिना बगाएर कमाएको पैसासमेत लिएर हिँड्ने घटनाका पीडित बनेका छन्, जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका घर भएका अर्जुन भोम्जन । घरमा बाबु, आमा र श्रीमतीको मुहारमा खुशीयाली ल्याउने सपना बोकेर खाडी मुलुक साउदी अरेबिया पुगेका उनै भोम्जनलाई विदेशमै रहँदा श्रीमतीसँगै आफ्नो रगत, पसिना हराएको खबरले ममार्हत बनाएको थियो ।

बकैया-७ हर्दा मैनटारका भोम्जनले काठमाडौंमा काम गर्दागर्दै बकैया-७ की एक युवतीसँग विवाह गरे । त्यतिबेला उनी उमेरले १८ वर्षको उमेरमै थिए । विवाह गर्दा युवतीको उमेर पनि १४ वर्षको मात्रै थियो । 'विवाह गरेर गाउँमा काम गर्ने सोचले हामी बकैया फर्किएका थियौं । गाउँमा बसेर मात्रै नहुने भएपछि पैसा कमाउने योजनाले म विदेश जाने सोचमा पुगें । साउदी अरेबिया पुगेको हुँ,' भोम्जनले भने । काठमाडौंमा म्यानपावरहरु धाएर साउदीमा राम्रो कमाई हुने काममा उनको भिषा लगाएर जाने निश्चित भयो । विवाह गरेको करिब ५ वर्षपछि सन् २०१३ मा भोम्जन साउदी अरेबिया हिँडे । साउदीको जुवेल खुरानी चारमा फोर ह्वील अपरेटरको काममा गएका उनले गौरीघाट मेन पावरलाई १ लाख ८५ हजार रुपियाँ बुझाएको बताए ।

सुरुवातमै २ हजार (रियाल) तलब तोकिएर काम गरेका उनले राम्रो कमाई पनि गर्न सफल भएको बताए । काम गर्दागदै ३ हजार २ सय (रियाल) सम्म कमाउन थालेपछि भोम्जनले अब आफ्नो परिवारको आर्थिक अवस्था परिर्वतन हुने विश्वास लिएका थिए । 'राम्रो कमाईले खुशी थिएँ । श्रीमतीले यति ठूलो धोका दिन्छन भन्ने पत्तो नै भएन् । मेरो खुशी धेरै बेर टिक्क सकेन,' उनले सुनाए । विदेशबाट कमाएको सबै पैसा श्रीमतीको नाममा आइएमई गरेर पठाउने गरेको उनले दाबी गरेका छन् । 'सबै पैसा श्रीमतीलाई नै पठाउँथे । श्रीमती भएपछि विश्वास गर्न नै पर्‍यो नी,' उनले भने ।

'मेरो परिवारसँग फोनमा कुराकानी भइरहन्थ्यो । तलब आएपछि पैसा पठाइदिहाल्थे ।,' उनले सुनाएका छन् । एक दिन काममा रहेकै बेला श्रीमतीले फोन गरेर १७ हजार पैसा पठाइदिन आग्रह गरेको भोम्जनले सम्झिए । 'श्रीमतीले फोन गरेर मलाई १७ हजार रुपियाँ अर्जेन्ट छ, पठाईदिनु भनेर फोन गरिन् । मैले ड्युटीमै रहँदा साथीभाईसँग सापट मागेर पैसा पठाइदिएको हुँ । त्यसपछि उनीसँग कुरा हुन सकेन् । पछिको थाहा भयो अर्कैसँग हिँडेकी रहिछन्,' भोम्जनले पुरानो पीडा सुनाए । पैसा पठाएको भोलीपल्ट श्रीमतिलाई फोन गर्दा सम्पर्क हुन नसकेको र श्रीमतीको काकालाई फोन गर्दा आफूले वास्तविक घटना थाहा पाएको सुनाए ।

काकाले श्रीमती भागेको खबर दिएपछि आफूलाई धेरै पीडा भएको उनले सुनाए । 'श्रीमतीले घरमा भएको गरगहना सहित मैले ३ बर्ष साउदीबाट पठाएको २० लाख रुपैयाँसहित गाउँकै स्याङतान थर गरेकासँग भागेको रहेछ,' भोम्जनले बताए । विदेशमै रहँदा न श्रीमती, न दुःख गरेर कमाएको पैसा नभएको पीडाले आफूलाई धेरै मानसिक तनाव दिएको उनले बताए । भोम्जनले श्रीमतीलाई काठमाडौंमा कोठा खोजेर राखेको कारण यो घटना घटेको बताएका छन् । श्रीमतीले पैसासमेत लिएर हिँडेपछि आफू थप २ वर्ष साउदीमै बसेर फर्किएको बताए । नेपाल फर्किए पछि श्रीमतिको बारेमा खोजतलास गर्दा पैसा सबै खर्च गरिसकेको र गरगहना पनि बेचेर सक्काएको उनले सुनाए ।

उनै भोम्जन अहिले बकैया-११ की एक युवतीसँग दोश्रो विवाह गरेर खुशीसँग जिन्दगी चलाइरहेको बताउँछन् । घर, परिवारको सुख र भविष्यको लागि भन्दै वैदेशिक रोजगारीमा गएकाहरुको परिवार पछिल्लो समय खण्डित हुँदै गएको प्रतिनिधि घटना भोम्जन भएपनि यसबाट धेरै युवाहरु पीडित बनिरहेको प्रहरी कार्यालयहरुमा परेको उजुरीले पनि प्रष्ट हुन्छ ।

विगतमा श्रीमानबाट श्रीमती घरेलु हिंसालगायतका घटनामा परेको उजुरी धेरै आउने गरे पनि पछिल्लो समय श्रीमतीबाट पनि श्रीमान् पीडित भएको घटनाहरु सार्वजनिक हुन थालेको पाइएको छ । घरमा आर्थिक तनावले विदेशिएका युवाहरुलाई सातडाँडा पारी हुँदा पनि श्रीमती र आर्थिक तनावले नछोडेको देखिएको हो ।



४ मंसिरमा भएको निर्वाचन अघि उम्मेदवारहरु खेतबारीमा काम गरिरहेका किसानहरुसँग मत माग्न काम गरेको ठाउँमै पुगे भने निर्वाचन जितेका उम्मेदवारहरु पनि खेतसम्मै पुग्ने क्रम जारी छ । निर्वाचनमा जितेपछि मतदाताहरुलाई धन्यवाद दिन मकवानपुरका दुई प्रतिनिधिसभा सदस्य र चार जना प्रदेशसभा सदस्यहरु गाउँ, बस्तीमै छन् । निर्वाचन जितेको भोलीपल्टदेखि धन्यवाद दिँदै आइरहेका नेकपा एमालेबाट मकवानपुर-२ मा निर्वाचित सांसद महेशकुमार बर्तौला यतिबेला खेतबारीमै पुगेर मतदाताहरुलाई धन्यवाद दिइरहेका छन् । आफूले धन्यवादसँगै मतदाताहरुसँग सुझावसमेत संकलन गरिरहेको उनले बताए । *तस्बिर: साझाकुरा*

# प्रतिष्ठान र निर्देशनालयमा रास्वपाको ज्ञापन पत्र

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले जिल्लाका दुई सरकारी निकायमा भ्रष्टाचार देखिएको भन्दै ज्ञापन पत्र बुझाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले आइतबार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र स्वास्थ्य निर्देशनालयमा ज्ञापन पत्र बुझाएर नैतिक र आर्थिक भ्रष्टाचार देखिएको भन्दै चेतावनी दिएको हो । राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट मकवानपुर प्रतिनिधि सभा क्षेत्र नम्बर २ का प्रत्यासी भरत पराजुली र क्षेत्र नम्बर एकका प्रत्यासी टाकाराज थापा (सुरेश)को नेतृत्वमा रहेको टोलीले प्रतिष्ठान र स्वास्थ्य निर्देशनालयलाई ज्ञापन पत्र बुझाएको हो । आफ्नो पार्टीको कार्यालयमा उजुरी परेको भन्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भिसी डा. विश्वराज जोशीलाई ज्ञापन पत्र दिँदै रास्वपा मकवानपुरले एउटै शिर्षकमा रहेको बजेटलाई आर्थिक ऐन विपरित ५/५ लाख गरी कोटेशन दिएको, प्रतिष्ठानलाई आफन्त र नजिकका मान्छेको भर्ति केन्द्र बनाउँदै नियम विपरित कर्मचारी भर्ना गरेको, टेण्डर गर्दा स्पेक लक गरी आफ्ना मान्छेलाई मात्र ठेक्का दिएको रास्वपाले आरोप लगाएको छ ।

जोशीले कमीकमजोरी सच्याउँदै अघि बढ्ने बताएका छन् । यसैगरी, स्वास्थ्य निर्देशनालयमा निर्देशक महेश्वर श्रेष्ठलाई ज्ञापन पत्र दिँदै एम्बुलेन्स प्रक्रियामा व्यापक भ्रष्टाचार भएको, प्रदेश अस्पतालमा टेलिमेडीसीन सेवा संचालन गर्न प्राप्त रकममा खरिद प्रक्रिया विपरित भ्रष्टचार भएको र सो क्रियाकलाप निन्दनीय रहेको भन्दै रास्वपाले ध्यानाकर्षण भएको जनाएको छ । विभिन्न शीर्षकमा ३ करोड रुपैयाँ भन्दा बढी भ्रष्टाचार भएको, ७० लाख रुपैयाँको छपाइको काममा भ्रष्टाचार भएको भनेर अखितयार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको ज्ञापन पत्रमा जनाइएको छ ।

# ग्यास व्यवसायी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुर ग्यास व्यवसायी संघको १० औं वार्षिक साधारणसभा तथा वनभोज कार्यक्रम सम्पन्न भएको छ ।

शनिबार नेपाल ग्यास बिक्रेता महासंघ बागमती प्रदेश समितिका अध्यक्ष विनोदमान श्रेष्ठको प्रमुख आतिथ्यता तथा संघ मकवानपुरका अध्यक्ष दिलिस गोविन्द जोशीको सभाध्यक्षतामा हेटौंडा-१९, सनानटारस्थित तपोवन क्षेत्रमा साधारणसभा भएको हो ।

कार्यक्रममा नेपाल ग्यास विक्रेता महासंघकी सहकोषाध्यक्ष राधिका महर्जन, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय राजु अधिकारी, उज्ज्वल चौलागाईं, मदिरा व्यवसायी संघ मकवानपुरका निवर्तमान अध्यक्ष समेन्द्र पौडेललगायत ग्यास व्यवसायीहरुको उपस्थिति रहेको थियो । साधारणसभामा सचिव केशव मुडभरी र कोषाध्यक्ष कृष्ण ढुंगानाले वार्षिक प्रतिवेदन पेश गरेका थिए ।

# मकवानपुरमा रास्वपाका सभापतिलाई कारबाही गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरका सभापति राजकुमार न्यौपानेलाई आफ्नै पार्टीका नेता तथा कार्यकर्ताहरुले कारबाहीको माग गरेका छन् ।

करिब पाँच महिना अघिमात्रै गठन भएको रास्वपामा निर्वाचन लगतै आन्तरिक कलह देखिएको हो । सभापति न्यौपानेलाई आफ्ना पार्टीका उम्मेदवारलाई विपक्षी दलका उम्मेदवारसँग भेटाएर निर्वाचनमा पार्टीको नीति र सिद्धान्त विपरित काम गरेको आरोप लगाइएको छ । करिब २ सय ४० जना नेता र कार्यकर्ताहरुले सभापति न्यौपानेलाई नै कारबाही गर्नेदेखि पार्टी छोड्नेसम्मको चेतावनी दिइएको हो ।

न्यौपानेलाई पार्टीविरुद्ध गतिविधि गरेको भन्दै ४७ जनाको हस्ताक्षरसहितको पत्र पार्टी केन्द्रीय कार्यालयमा पठाइएको छ । पत्रमा न्यौपानेलाई कारबाही गरे ठिक छ, नत्र सबै जनाले पार्टी छोड्ने चेतावनीसमेत दिइएको छ ।



४ मंसिरमा भएको निर्वाचन अगाडि न्यौपानेले रास्वपाका समानुपातिक उम्मेदवार मनहरीका नुरमान प्रजालाई नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको घरमै पुर्‍याएर भेट गराएको जनाइएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (ख)बाट उम्मेदवार रहेका बानियाँलाई सहयोग पुर्‍याउने उद्देश्यले प्रजालाई भेट गराएको भन्दै उनीमाथि कारबाही माग गरिएको हो ।पार्टीको प्रतिष्ठामाथि नै आँच आउने गरी न्यौपानेले समानुपातिक उम्मेदवार प्रजालाई बानियाँको घरमा पुर्‍याएको भन्दै रास्वपाका दुई प्रतिनिधिसभा उम्मेदवार भरत पराजुली, टाकाराज थापा, जिल्ला उपसभापति निराजन बर्तौला, सचिव राम प्रसाद अर्याल लगायतले पार्टी केन्द्रीय समितिमा हस्ताक्षरसहितको कारबाही माग गरिएको पत्र पठाएका हुन् ।

मनहरी-७ का स्थायी बासिन्दा रहेका प्रजा नेपाली कांग्रेस मकवानपुरको पूर्वजिल्ला सदस्य थिए । रास्वपा पार्टी गठन भएपश्चात प्रजाले कांग्रेस छोडेका थिए । मनहरी गाउँपालिका क्षेत्रबाट प्रतिनिधिसभा उम्मेदवार रहेका भरत पुराजुलीको नेतृत्वमा रास्वपा रोज्नेमा प्रजा पनि थिए । प्रजाले बानियाँको घरमा न्यौपानेले आफूलाई लगेको बताए । आफूले २ पटकसम्म भेट्न नमानेपछि एकदिन मिटिङ छ भनेर बोलाएर न्यौपानेले बानियाँको घरमा लगेको प्रजाले बताए । 'म हाम्रो सभापति न्यौपानेको घरमा बिहान ६ बजे पुगेको हो । त्यसपछि उहाँले नै अटोमा हालेर बानियाँसँग भेट गर्न लगेको हो । बानियाँसँग जम्मा १० मिनेट भेटेको हुँ,' उनले भने ।

सभापति राजकुमार जीले प्रदेशमा तपाई हाम्रो मान्छे छैन, बानियाँलाई भोट दिनुपर्छ भनेको प्रजाले दाबी गरेका छन् । आफूलाई बानियाँले भने केही नभनेको प्रजाले बताए । 'बरु तपाईलाई जोगाउन सकिएन घण्टी पार्टीमा जानु भएछ भन्नु भएको हो । बानियाँले तपाइको उम्मेदवार ले जित्छ त भनेर भरत पराजुलीतर्फ भन्नु खोज्नु भएको थियो । मैले किन नजित्नु जित्नु हुन्छ भनेर हिँडेको हुँ ।,' प्रजा भन्छन् ।

सभापति न्यौपानेले प्रदेशमा भोट हाल्नुपर्छ भन्दापनि आफूले प्रदेश खारेजको एजेण्डा लिएर हिँडेको भन्दै भोट कतै नहालेको उनले बताए । यता सभापति न्यौपानेले आरोपको खण्डन गरेका छन् । आफूमाथि चलखेल सुरु भएको उनको दाबी छ । निर्वाचनमा आफ्ना उम्मेदवार जिताउने रणनीतिले जुनसुकै पार्टीका मान्छेसँग पनि भेट हुन सक्ने उनको भनाई छ ।

# मंसिर अन्तिममा जिल्लास्तरीय रनिङशिल्ड भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ वर्षौदेखि हुँदै आइरहेको जिल्ला स्तरीय स्वर्गीय लक्ष्मीमाया बज्राचार्य स्मृति रनिङशिल्ड भलिबल प्रतियोगिताको २० औं सस्करण हुने भएको छ ।

हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा बसामाडी जेसीजले प्रतियोगिता गर्दैछ । बसामाडी जेसीजले आइतबार पत्रकार सम्मेलन गरेर मंसिर २८ गतेदेखि पुस २ गतेसम्म प्रतियोगिता सञ्चालन हुने जानकारी दिएको छ ।

हेटौंडा-१० स्थित स्वर्ण भण्डारका सञ्चालक ज्योतिरत्न बज्राचार्यको प्रायोजनमा हुने प्रतियोगितामा जिल्लाभरका उत्कृष्ट टोलीले सहभागिता जनाउने जेसीज अध्यक्ष चिराग अग्रवालले जानकारी दिए ।

प्रतियोगिताको विजेतालाई ६५ हजार रुपैयाँ र उपविजेतालाई ३० हजार रुपैयाँ नगद प्रदान गरिनेछ । प्रतियोगितमा उत्कृष्ट विधातर्फ पनि पुरस्कार दिइने आयोजकले जनाएको छ । प्रतियोगिता खर्च २ लाख ५० हजार रुपैयाँ हुने अनुमान गरिएको छ । प्रतियोगितामा १४ वटा टोलीले सहभागिता जनाउने आयोजकले अनुमान गरेको छ ।

टिम दर्ताको लागि २ हजार रुपैयाँ र २६ मंसिर साँझ ५ बजेसम्मलाई अन्तिम समयावधि तोकिएको छ ।

# थाहाका स्याङ्तान पक्राउ


हेटौंडा, १८ मंसिर/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका घर भएका एक युवकलाई प्रहरीले लागूऔषधसहित रौतहटबाट पक्राउ गरेको छ ।

रौतहट गौर नगर पालिका-३ दाल मिलस्थित फलक पोल्ट्री फर्म नामक कुखुरा फर्मबाट १ सय ८० केजी अवैध लागूऔषध गाँजासहित मकवानपुर थाहा नगर पालिका-३ बस्ने २१ वर्षीय सुरेन्द्र स्याङताङ पक्राउ परेका हुन् । उक्त कुखुरा फर्मभित्र लागूऔषध गाँजा राखेको भन्ने विषेश सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले तलासी गर्दा कुखुरा फर्मभित्र उक्त परिमाणको लागूऔषध फेला पारेको थियो । साथै सोही स्थानमा पार्किङ गरी राखेको बागमती प्रदेश ०१-००६-ख २८३० नम्बरको मिनि ट्रक समेत फेला परेकोले ट्रक चालक स्याङताङलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा ट्रकमा उक्त लागूऔषध ल्याएको खुल्न आएपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९८४५२९०३९१, ९८५५०८५३९१



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पतालमा** बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्द्रलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

## गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.

हेटौंडा, मकवानपुर



०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४